# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०३।१७ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

-------------------------------------------

खानेपानी तथा सरसफाई डिभीजन कार्यालय, मकवानपुरमा कार्यरत ईन्जिनियर रमेश महर्जन तथा देवीडाँडा खानेपानी उपभोक्ता समितिका अध्यक्ष भागवत घिमिरे र ऐ.समितिका सचिव गोपाल तिमिल्सिना बिच खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट उक्त समितिलाई निकासा छाडीदिने प्रयोजनका लागि घुस रकम बापतको रु.४५,०००।- (अक्षरुपी पैतालिस हजार) घुस रकम लेनदेन भैसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज ईन्जिनियर रमेश महर्जनले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज उपर बिगो रु.४५,०००।- (अक्षरुपी पैतालिस हजार) कायम गरी सोही ऐनको दफा ३(१) र ३(१) (ख) बमोजिम दण्ड सजाय हुन मागदाभी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

साथै देवीडाँडा खानेपानी उपभोक्ता समितिका अध्यक्ष भागवत घिमिरे र ऐ.समितिका सचिव गोपाल तिमिल्सिनाले अनुसन्धानको क्रममा सहयोग गरको देखीदा निजहरुको हकमा अख्तियार दुरुपयोग अनुसन्धान अयोग ऐन, २०४८ को दफा १९(१५) तथा भ्रष्टचार निवारण ऐन २०५९ को दफा ५५ बमोजिम सरकारी साक्षीका रुपमा प्रस्तुत गरी सजायमा पूर्ण छुटको मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता